# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

## निशुल्क लोकसेवा कक्षा अध्ययन लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८०/०९/०६**

प्रस्तुत विषयमा यस माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत लोकसेवा कक्षा सञ्चालन लागि आवेदन पेश गर्ने सम्बन्धी प्रथम पटक मिति २०८०/०६/०९ गते प्रकाशित सूचनामा पर्याप्त मात्रामा आवेदन नपरेकोले पुनः सूचना प्रकाशन गरिएको छ । निशुल्क लोकसेवा कक्षा (अप्राविधिक तर्फ खरिदार/सहायक स्तर चौथौ तह, नायब सुब्बा/पाचौं तह )अध्ययन गर्नको लागि यस गाउँपालिकामा स्थायी बसोबास गर्ने तथा यस गाउँपालिकामा कार्यक्षेत्र बनाई बसोबास गर्ने योग्यता पुगेका ईच्छुक व्यक्तिहरुबाट सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र तपसिलको कागजात सहित कार्यालयमा उपस्थित भई कार्यालय समय भित्र निवेदन सहित आवश्यक कागजात पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**१. कार्यक्रमको नामः** लोकसेवा कक्षा सञ्चालन (अप्राविधिक तर्फ खरिदार, नायव सुव्वा, सहायक स्तर चौथो र पाचौं तह) ।

**२. आवेदन दस्तुरः** निशुल्क ।

**३. तालिमको अवधिः** पाठ्यक्रम पुरा गर्न समय लाग्ने सम्म ।

**४. शैक्षिक योग्यताः** नासु/सहायकस्तर पाँचौको लागि प्रविणता प्रमाणपत्र/+2 वा सो सरह उतीर्ण गरेको र खरिदार/सहायकस्तर चौथोको लागि एस.एल.सी/ एस.ई.ई वा सो सरह उत्तीर्ण गरेको ।

**५. उमेर:** पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**६. पेश गर्नुपर्ने कागजातहरुः**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी, ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ग) एक/एक प्रति पासपोर्ट साईज फोटो ।

**७. छनौट प्रक्रियाः** पर्न आएका आवेदनहरुको छानविन गरी सुची प्रकाशन गरिनेछ ।

८. विद्यार्थीहरुलाई कक्षा सञ्चालन र पाठ्यपुस्तक निशुल्क रहनेछ । खाना वस्न तथा अन्य खर्च स्वयं विद्यार्थीले व्यहोर्नु पर्नेछ ।

**९. पढाई सञ्चालन हुने स्थान र समयः** गाउँपालिकाको तोकेको स्थानमा विहानी शत्रमा सञ्चालन हुनेछ ।

**१०. आवेदन पाउने र पेश गर्ने स्थानः** माण्डवी गाउँपालिकाको कार्यालय जस्पुर तथा सम्बन्धित वडा कार्यालय ।

**११. आवेदन दिने अन्तिम मितिः** २०८०/०९/२०

**१२. सम्पर्क नः** ९८५७८३६००६

२०८०/०९/०६

.................
**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**

**वोधार्थः**

श्री सम्पूर्ण वडा कार्यालय माण्डवी गाउँपालिकाः यो सूचना वडा कार्यालयको सूचना पाटी, फेसबुक पेज लगायत सामाजिक सञ्जालमा प्रचार प्रचारका लागि राख्नुहुन ।

श्री सूचना प्रविधि शाखाः गाउँपालिकाको वेवसाईट, फेसबुक पेज लगायत सामाजिक सञ्चालनमा अपलोड गर्नुहुन ।